कार्यपालिका बैठक संख्याः १५३
बैठक मिति: २०८२/०९/२३
अध्यक्षता: नगर प्रमुख श्री हेमकर्ण पौडेल

**निर्णय नं. १**

चालु आर्थिक २०८२/०८३ को लागि स्वीकृत नीति, कार्यक्रम तथा बजेट कार्यन्वयन गर्ने / गराउने क्रममा असहजता एंव कठिनायी हुने भौतिक पूर्वाधार तर्फको योजना तथा कार्यक्रम, स्थान, नाम र उस्तै प्रकृतिका योजनाहरुलाई संसोधन गर्नका लागि सम्बन्धीत वडा समितिको निर्णयानुसार र बजेट निर्माण पूर्व पठाइएको निर्णय सहितको सिफारिस अनुसार हुने गरी योजाना संसोधनका लागि आगामी नगरसभामा पेश गर्नका निम्ती २०८२/०९/२७ गतेभित्र नगरपालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

चालु आर्थिक वर्ष २०८२/०८३ को वडा तर्फ स्वीकृत सिलिङ बजेट मध्ये प्रत्येक वडाको पच्चीस/पच्चीस लाख दरले कटौती गर्ने सम्बन्धि यस अगावै भएको कार्यपालिकाको बैठकको निर्णयानुसार नै गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

२०७९ साल बैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा इटहरी उपमहानगरपालिका वडा नं. १९ बाट महिला वडा सदस्य पदमा निर्वाचित इन्दिरा राईले २०८२/०७/२६ गते आफ्नो पदबाट दिनु भएको राजीनामा आजको बैठकमा पेश भएकोमा उहाँले हालसम्म नगरको विकासमा पुर्याउनु भएको योगदानको उच्च मूल्यांकन गर्दै धन्यवाद सहित उहाँको आगामी राजनीतिक, सामाजिक जीवनको उज्वल भबिष्यको कामना सहित निवेदकले माग गरेकै मितिदेखि लागु हुने गरी महिला वडा सदस्य श्री इन्दिरा राईको राजीनामा स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा संचालन) अध्यादेश २०८० को दफा ८ को उपदफा (१६) बमोजिम तहवृद्धिका लागी मिति २०८०/०१/२७ मा दर्ता नं. १२१७९ मा पेश भएको निवेदन उपर कुनै कारबाही नभई हालसम्म तहबृद्धि नभएको भनि सम्मानित उच्च अदालत विराटनगरमा मु.नं. ०८०-WO-०४२७ मा परमादेशको निवेदन दर्ता भई उच्च अदालत बिराटनगरले मिति २०८२/०२/१२ मा " स्थानीय सेवा(गठन तथा संचालन) अध्यादेश २०८० कायम रहेको अवस्थामा निज निवेदकहरुले विपक्षी इटहरी उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा निवेदन दिई निवेदन दर्ता भएको देखिदा सो निवेदन मागको विषयमा कानून बमोजिम निर्णय गर्नु" भनि परमादेशको आदेश जारी भएको हुँदा मिति २०८२/०८/१४ गतेको तहबृद्धि सिफारिस समितिको निर्णयानुसार प्रकाशन भएको सुचना बमोजिम प्राप्त भएका कागजातहरु अध्ययन गर्दा स्थानीय सरकारी सेवा (गठन तथा संचालन) अध्यादेश, २०८० को दफा ८ को उपदफा (१६) मा "यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि निजामति सेवा बाहेक अन्य सेवाबाट स्थानीय तहमा समान पदमा समायोजन भई आएका नवौ तह सम्मका स्थायी कर्मचारी तथा संघीय लोकसेवा आयोगबाट स्थानीय तहको छैटौ तहमा सिफारिस भई आएका र यो अध्यादेश जारी हुँदाका बखत सम्म तहवृद्धि नभएका कर्मचारीहरुलाई एकपटकको लागि एक तह वृद्धि गरिनेछ" भन्ने ब्यबस्था रहेको, निजहरु निजामति सेवा अन्तर्गत नभई छुटै नेपाल स्वास्थ्य सेवा ऐन,२०५३ र सेवा, समूह, अनुसार परिचालित कर्मचारीहरु भई समायोजन हुँदाका बखत समान पदमा समायोजन भएको र निजहरुले अध्यादेश बमोजिम १(एक)पटक पनि तहवृद्धि लिएको देखिंदैन | उक्त अध्यादेश कायम रहेको अवस्थामा यस कार्यालयमा मिति २०८०/०१/२७ मा दर्ता नं.१२१७९ मा तहवृद्धिका लागि निबेदन दर्ता गरेका मध्ये तहवृद्धि सिफारिस समितिको निर्णय अनुसार प्रकाशन भएको सुचना बमोजिम निबेदन तथा कागजातहरु पेश गर्ने देहायका निवेदकहरुको कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा संचालन) अध्यादेश २०८० को दफा ८ को उपदफा (१६) बमोजिम योग्यता पुरा भएको देखिंदा सम्मानित अदालतबाट मु.नं.०८०-wo-०४२७ मा भएको फैसला बमोजिम सातौ तहमा

तहबृद्धि गर्न इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सिफारीस गरे बमोजिम तहबृद्धि गर्ने निर्णय गरियो ।

देहाय

| क्र.सं. | कर्मचारीको नाम थर | पद | हालको तह | बृद्धी गरीएको तह |
|---|---|---|---|---|
| १. | शिब कुमार झा | सि.अ.हे.ब.अधिकृत | अधिकृतस्तर छैटौं | अधिकृतस्तर सातौं |
| २. | रोहित तिम्सिना | सि.अ.हे.ब.अधिकृत | अधिकृतस्तर छैटौं | अधिकृतस्तर सातौं |
| ३. | हरि प्रसाद गौतम | सि.अ.हे.ब.अधिकृत | अधिकृतस्तर छैटौं | अधिकृतस्तर सातौं |
| ४. | बालकृष्ण गौतम | सि.अ.हे.ब.अधिकृत | अधिकृतस्तर छैटौं | अधिकृतस्तर सातौं |
| ५. | निलम भट्टराई वाग्ले | सि.अ.हे.ब.अधिकृत | अधिकृतस्तर छैटौं | अधिकृतस्तर सातौं |
| ६. | घनश्याम सिग्देल | जनस्वास्थ्य निरिक्षक | अधिकृतस्तर छैटौं | अधिकृतस्तर सातौं |
| ७. | उपेन्द्र कुमार साह | सि.अ.हे.ब.अधिकृत | अधिकृतस्तर छैटौं | अधिकृतस्तर सातौं |

निर्णय नं. ५

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय, अन्तर्गतका वडा कार्यालयहरु, इटहरी अस्पताल, सबै स्वास्थ्य संस्थाहरुमा कार्यरत करार, मासिक ज्यालादारी, दैनिक ज्यालादारीमा कार्यरत सबै तहका कर्मचारीहरुको म्याद २०८३ माघ १ गतेदेखी २०८३ असार मसान्तसम्म ६ महिनाको लागि थप गर्ने निर्णय गरियो । साथै कर्मचारीको नामावली अनुसूचीमा संलग्न रहेको छ ।

निर्णय नं. ६

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत जोखिम क्षेत्रमा कार्यरत कर्मचारीहरु (नगर प्रहरी, वारुणयन्त्र, विद्युत, ल्याब र सवारी चालक) को ५ (पाच) लाखसम्मको दुर्घटना बिमा गरिदिने निर्णय गरियो ।

निर्णय नं. ७

२०८२ भाद्र २३ र २४ गते भएक जेनजी आन्दोलनमा इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय परिसरमा रहेको कर्मचारीहरुको निजि सवारी साधन आगजानी भएकोमा र क्षतिपूर्त माग गर्नु भएको सन्दर्भमा सो सवारीको विमाका अवस्था मूल्याकंनको प्राविधिक मूल्याकंक सहित ७ (सात) दिनभित्र प्रतिवेदन पेश गर्नका निम्ती देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

(१) संयोजक - श्री गणेश प्रासद भट्टराई, प्रमुख, सवारी दर्ता तथा मेशीनरी औजार शाखा
(२) सदस्य - रुपेश आचार्य, मेकानिकल इन्जिनियर
(३) सदस्य सचिव - इन्दिरा कोइराला, अधिकृतस्तर छैटौ

निर्णय नं. ८

नगर उपप्रमुख आत्मनिर्भर कार्यक्रम संचालन कार्यविधि, २०८२ स्वीकृत गर्ने तथा सो कार्यविधिको दफा ७ को उपदफा (२) मा व्यवस्था भएको नगरसभा सदस्य (महिला) को पदमा नगरसभा सदस्य श्री शर्मिला वि.क. लाई मनोनित गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

चालु आ.व. २०८२/०८३ को गत भाद्र २३ र २४ गते जेनजी आन्दोलनका क्रममा यस कार्यालय भएको आगजनीका क्रममा भवन निर्माण इजाजत तथा नियमन शाखा अन्तर्गत रहेका घर नक्सा सम्वन्धी कागजात संलग्न धेरै फायलहरू जलेर नष्ट भएको छ । यसरी फायल नष्ट हुँदा सम्वन्धित सेवाग्राहीको अभिलेख कार्यालयमा नरहेकाले पुनः अभिलेख कायम गरी सेवाग्राहीको माग बमोजिम प्रतिलिपि उपलब्ध गर्न / गराउँन तथा अभिलेखीकरण प्रक्रियाका लागि देहाय अनुसार गर्ने गरी निर्णय गरियो ।

(क) कार्यालयमा सम्बन्धित सेवाग्राहीको नक्सा सम्वन्धी कागजातको अभिलेख नरहेको अवस्थामा सम्वन्धित सेवाग्राहीसँग रहेको नक्सा सम्वन्धी कागजातका आधारमा

निजलाई आवश्यकता अनुसार नक्सा सम्वन्धी कागजातको नियमानुसार प्रतिलिपि उपलब्ध गराउँने र सोही आधारमा कार्यालयमा सम्बन्धित सेवाग्राहीको नक्सा सम्वन्धी कागजात रहेको अभिलेख समेत अध्यावधिक गर्ने ।

(ख) कार्यालयमा सम्बन्धित सेवाग्राहीको नक्सा सम्वन्धी कागजात आगजनी भई नष्ट भएको र सम्बन्धित सेवाग्राहीसँग रहने १ (एक) प्रति नक्सा सम्वन्धी कागजात समेत नरहेको अवस्थामा कार्यालयको डिजिटल अभिलेखमा निज सेवाग्राहीको नक्सा सम्वन्धी अभिलेख रहेको देखिएमा उक्त डिजिटल अभिलेखका आधारमा सम्बन्धित सेवाग्राहीको माग बमोजिम डिजिटल अभिलेखमा रहेका कागजातको नियमानुसार प्रतिलिपि उपलब्ध गराउँने ।

(ग) सेवाग्राहीले घरनक्सा सम्वन्धी कागजातको प्रतिलिपि वा अन्य आवश्यक कार्यका लागि माग गरी निवेदन दिएमा कार्यालयमा निजको नक्सा सम्वन्धी कागजात रहेको अभिलेख फायल आगजनी भई उपलब्ध नभएको वा सम्बन्धित सेवाग्राहीसँग रहने एक प्रति नक्सा सम्वन्धी कागजातको अभिलेख नभएमा वा यस कार्यालयको नक्सा सम्वन्धी डिजिटल अभिलेखमा समेत नभएका सेवाग्राहीको हकमा घरनक्सा सम्बन्धि आ-आफ्नो प्रमाण पेश गर्नका निम्ति ३५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. १०

इटहरी उपमहानगरपालिकाभित्र निर्माण भई सकेका भवन/संरचनाको नियमानुसार अभिलेखीकरण गर्नका लागि चालु आ.व. २०८२/०८३ को २०८३ श्रावण महिनादेखि चालु आ.व. को असार मसान्तसम्मको समयावधि कायम गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

इटहरी उपमहानगरपालिका साविक वडा नं. ८ हाल इटहरी उपमहानगरपालिका वडा नं. ९ मा रहेको जनता मा.वि. को नाममा दर्ता कायम रहेको कि.नं. ५९ फोड भई हाल कायम रहेको कि.नं. ६९५, ६९६, ६८७ र ९८० को जग्गा २ कठामा जनता मा.वि. र सनमुन प्लाजा बीच भएको सम्झौता अनुसारको बहाल बिबाद सम्बन्धमा छलफल हुँदा उक्त बिबाद अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, इटहरीमा समेत उजुरी परी छानविनको क्रममा रहेको जानकारी प्राप्त भएकोले सो सम्बन्धमा प्रचलित कानून बमोजिम आवश्यक निर्णय लिन प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं. १२

इटहरी-५ मा रहेको जनता बहुमुखी क्याम्पस इटहरीले क्याम्पस अगाडीको नर्सरी रहेको जग्गा भोग चलन गर्दै आएकोमा जग्गा मध्येबाट पूर्वी भागबाट देहाय बमोजिमको लम्बाइ चौडाइ रहेको जम्मा ०-२-४ (दुई कठा चार धुर) जग्गा किरात राई यायोक्खा र सुम्निमा संघले जातीय धार्मिक साँस्कृतिक परम्परा अनुसार मनाउने पर्व साकेला चाड स्थलका निम्ति भोगाधिकारका लागि सिफारिस गर्ने निर्णय गरियो ।

देहाय:

पूर्व तर्फबाट उत्तर दक्षिण ९० फिट

पश्चिम तर्फबाट उत्तर दक्षिण ८० फिट

उत्तर तर्फबाट पुर्व पश्चिम १३३ फिट

दक्षिण तर्फबाट पुर्व पश्चिम ८० फिट

निर्णय नं. १३

चालु आर्थिक वर्ष २०८२/०८३ को नीति, कार्यक्रम तथा बजेट बमोजिम मिति २०८२ साउन १ गतेदेखि मिति २०८२ पुस २१ सम्म भएको खर्च रु ५९,८३,७५,१२२.२१ (उन्नसाठी लाख त्रियासी लाख पचहत्तर हजार एक सय बाइस रुपैया एकाइस पैसा मात्र) अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

इटहरी उमपहानगरपालिका र किचन इटहरी वीच इटहरी उपमहानगरपालिका परिसरमा निर्मित चमेना गृह भाडामा लिनेदिने सम्झौता भई चमेना गृह सञ्चालन हुँदै आएकोमा २०८२ भाद्र २३ र २४ गते भएको जेनजी आन्दोलनमा उक्त्त चमेना गृह पूर्ण रुपमा क्षति भई सञ्चालन हुन नसकेकोले मासिक रु ११११६७/- को दरले २०८२ असोज र कार्तिक गरी २ (दुई) महिना अवधिको हुन आउने जम्मा रकम रु २२३३४/- (अक्षरेपी बाइस हजार तीन सय चौतिस रुपैयाँ मात्र) छुट गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

चालु आर्थिक वर्ष २०८२/०८३ को नीति, कार्यक्रम तथा बजेटमा स्वीकृत नगरस्तरीय योजना तथा कार्यक्रम संचालन गर्न जेनजी आन्दोलन पश्चात सृजना भएको विषम परिस्थितिको मध्यनजर गर्दै योजना तथा कार्यक्रम संसोधनका लागि नगर प्रमुख, उपप्रमुख, प्रशासकीय अधिकृत, बिषयगत समिततका संयोजक र सम्बन्धीत वडा अध्यक्षहरुको समन्वयमा तय गरी आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. १६.

इटहरी उपमहानगरपालिका वडा नं. ९ मा कार्यरत महिला स्वास्थ्य स्वयम्सेवीका श्री सञ्जु प्रधानले स्वच्छिक अवकास लिनु भएको हुँदा निजले हालसम्म पुर्याउनु भएको योगदानको उच्च कदर गर्दै भबिष्यको उज्वल कामना गर्दै प्रोत्साहन स्वरुप रु १,००,०००/- (एक लाख) मात्र उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १७

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतको क्षयरोग मुक्त नेपाल घोषणा अभियान अन्तर्गत चालु आ.व. २०८२/०८३ संघीय सरकारबाट ससर्त अनुदान शिर्षकबाट उक्त अभियानका लागि कार्यक्रमिक शिर्षकमा मात्र रकम विनियोजन भएमा उक्त्र कार्यक्रमलाई निरन्तरता दिन जनशक्ति जनशक्तिको पारीश्रमिक (तलब भत्ता) रकम पालिकास्तरबाटै विनियोजन गर्नु पर्ने आवश्यक भएकोले देहाय बमोजिमको जनशक्तिको पारीश्रमिक (तलब भत्ता) नगरपालिकाको श्रोतबाट उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | कर्मचारीको नाम | पद | तह | कैफियत |
|---|---|---|---|---|
| १ | पुरुषोत्तम निरौला | क्षयरोग संयोजक | सातौ | सेवा करार |
| २ | सुनिता गिरी | अनुगमन मुल्यांकन तथा डाटा व्यवस्थापन सहायक | पाचौ | सेवा करार |

निर्णय नं. १८.

यस कार्यालयमा कार्यरत अधिकृत नवौं श्री खेमराज प्रसाई (क.सं.नं. २०३५९७) बाट बैदेशिक अध्ययनका लागि सोधपत्र तयारी र प्रकाशन, अन्तरराष्ट्रिय प्रतिष्पर्धामा सहभागिता लगायतका कार्यहरु गर्नका लागि वैदेशिक अध्ययन पुर्वस्वीकृति माग गरेको सम्बन्धमा कोशी प्रदेश सरकारको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन), २०८० को दफा १२० को उपदफा (५) बमोजिम वैदेशिक अध्ययनका लागि निज खेमराज प्रसाई, अधिकृतस्तर नवौं तहलाई पूर्व सहमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. १९.

इटहरी उपमहानगरपालिका वडा नं. १९ बाट बालमैत्री वडा घोषणाको लागि जिल्ला समन्वय समिति, सुनसरीलाई अनुगमन र सहमतिका लागि पत्राचार गरिदिनुहन भनि अनुरोध प्राप्त भएको हुँदा बालमैत्री वडा घोषणा सम्बन्धी सूचकहरुको अवस्था सम्बन्धमा नगर बाल अधिकार समितिबाट अनुगमन गर्ने तथा बालमैत्री स्थानीय शासन घोषणा कार्यविधी, २०७९ को दफा २२ को उपदफा (१) बमोजिम वडा समितिको कार्यालयबाट प्राप्त प्रतिवेदन जिल्ला समन्वय समिति, सुनसरीमा पठाउने निर्णय गरियो ।

**निर्णय नं. २०**

Project Title: ५५२०२-००१: Integrated Water Supply and Sewerage Management (Sector) Project (IWSSMP) का लागि नेपाल सरकार र एसियाली विकास बैंक (ADB) बीच भएको सम्झौता अनुसार आयोजना व्यवस्थापन कार्यालय (PMO) बाट परामर्शदाता मार्फत तयार गरिएको Drawing, Design, Specification, Cost Estimate (रु १,९६,२८,६७,९०३.२४ अक्षरेपी एक अर्ब छ्यानब्बे करोड अठाइस लाख सड्सठ्ठी हजार नौ सय तिन रुपैया चौबिस पैसा मात्र) लगायतका कागजात समेटिएको Bidding Document तथा Invitation for Bids (IFB) प्राप्त भइ एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना, आयोजना व्यवस्थापन कार्यालय (PMO), पानीपोखरी, काठमाडौंको पत्र (प.सं. २०८१/०८२, च.नं. ८०, मिति २०८२/०९/११) मार्फत "इटहरी खानेपानी उप—आयोजना" लाई Advance Procurement Action मा लैजान, आयोजनाको Strategic Procurement Plan अनुसार Itahari Water Supply System–CW02 को खरिद कार्य Q४—२०२५ मा सुरु गर्न, र Fact Finding Mission को Aide-memoire (२९th para Advanced Contracting) अनुसार प्रक्रिया अगाडि बढाउन अनुरोध भए बमोजिम तथा ADB बाट प्राप्त No Objection Letter स्रोत सुनिश्चितता/financing arrangement (Advance Contracting and Retroactive Financing) सम्बन्धी प्रावधानलाई Invitation for Bids (IFB) मा खुलाइ यस कार्यालयबाट मिति २०८२/०९/१४ गते अन्तर्राष्ट्रिय स्तरको सूचना

प्रकाशित गरी बोलपत्र आह्वान/प्रकाशन भएकोमा सो बोलपत्र सम्वन्धि कागजात स्वीकृत गरी निर्णय अनुमोदन गर्ने निर्णय गरियो |

**निर्णय नं. २१**

Integrated Water Supply and Sewerage Management (Sector) Project (IWSSMP) का लागि स्थानीय तहको सम्पूर्ण साझेदारी (२०%) स्थानीय तहले व्यवस्थापन गर्नुपर्ने वा नगर विकास कोष/सम्बन्धित निकायसँग वित्तीय सम्झौता गर्न सकिने व्यवस्था बमोजिम लगानी को १५% ऋण व्यवस्थापन गर्ने साथै यस इटहरी उपमहानगरपालिका र इटहरी खानेपानी संस्था बीच मिति २०८२ साल मंसिर १६ गते बसेको बैठकको निर्णय नं. २ बमोजिम स्थानीय तहले बेहोर्ने सहलगानी मध्ये (Upfront Cash ५%) वापतको रकमको ५०% इटहरी खानेपानी संस्था र बाँकी ५०% इटहरी उपमहानगरपालिकाले व्यहोर्ने गरी निर्णय भएकोले सोहि बमोजिम हुने निर्णय गरियो |

निर्णय नं. २२

आर्थिक वर्ष २०८१/०८२ मा इटहरी १३ खनार अवस्थित हुलास वायर इन्डष्ट्रिजले सम्पत्ति र बहालकर बापत रु १०,५३,०३७ (अक्षरेपी दश लाख त्रिपन्न हजार सैत्तिस रुपैया मात्र) मिति २०८१/०९/२४ मा इटहरी उपमहानगरपालिकाको आन्तरिक राजश्व खाता नं. ०५९०३०००००१००१००००००१ मा बुझाएको र पुन: यस कार्यालयमा मिति २०८२/०९/२९ मा चेक मार्फत रु ८,६८,२०१ (अक्षरेपी आठ लाख अरसठी हजार दुई सय एक रुपैयाँ मात्र) बुझाएकोमा आर्थिक ऐन, २०८१ अनुसार उक्त इन्डष्ट्रिजको निर्धारण हुने कर रकम रु ८,६८,२०१ (अक्षरेपी आठ लाख अरसठी हजार दुई सय एक रुपैयाँ मात्र) भएको हुँदा बैक मार्फत सिधै दाखिला भएको रकम रु १०,५३,०३७ (अक्षरेपी दश लाख त्रिपन्न हजार सैत्तिस रुपैया मात्र) निर्धारित कर रकमभन्दा बढी भएकोले उक्त रकम उक्त इन्ड्रष्ट्रीजलाई फिर्ता गर्ने निर्णय गरियो ।

निर्णय नं. २३

कानुन बमोजिम वहाल कर भुक्तान गर्नु पर्ने / बुझाउनु पर्ने दायित्व भएका व्यक्ति तथा संस्थाहरुले संघीय सरकार अर्थ मन्त्रालय अन्तर्गतका कार्यालयहरुमा यस अगाडी वाहाल कर बुझाएको भएमा सो को प्रमाण सहित इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुमा लिखित निवेदन पेश भएमा कर भुक्तानी गरेको / बुझाएको समयाबधी एकिन गरी सो भन्दा पछाडीको अबधीको मात्र बहाल कर लिने / असुल गर्ने निर्णय गरियो ।

निर्णय नं. २४

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा कार्यरत नगर प्रहरी र वारुणयन्त्रमा कार्यरत कर्मचारी २०८२ माघ महिनादेखि हाल खाईपाई आएको रासन भत्तामा थप रु १००० (एक हजार) का दरले उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २५

इटहरी उपमहानगरपालिकामा करार तर्फमा कार्यरत नगर प्रहरीहरुलाई २०८२ माघ महिनादेखि मासिक रु २००० (दुई हजार) महंगी भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २६

इटहरी उपमहानगरपालिका वडा नं. ५ मा रहेको अनुग्रह मण्डलली इटहरी सुनसरीको नाममा दर्ता कायम रहेको इठहरी-५ क को कि.नं. १२५७ को ज.वि. ०-२-९ मा नयाँ भवन निर्माण गर्ने कार्यक्रम रहेको र सो भवन निर्माण गर्दा नगरपालिकाकालाई बुझाउनु पर्ने कर राजश्व शुल्क छुटका वडा नं. ५ को कार्यालयबाट समेत सिफारिस प्राप्त भएको हुँदा उक्त भवन निर्माण गर्नका निम्ति लाग्ने कर, राजश्व, शुल्क छुट दिने निर्णय गरियो ।

निर्णय नं. २७

इटहरी ४ मा रहेको ब्रह्याकुमारी राजयोग सेवा केन्द्र इटहरी भवनको अभिलेखिकरणका लागि लाग्ने शुल्क कर राजश्व दस्तुर छुटका लागि  निवेदन समेत पेश भएकोमा उक्त ब्रह्याकुमारी राजयोग सेवा केन्द्र इटहरी भवन अभिलेखिकरण गर्न लाग्ने शुल्क कर राजश्व दस्तुर छुट दिने निर्णय गरियो ।

निर्णय नं. २८

आदिवासी जनजाती महासंघ इटहरीबाट मिति २०८२/०४/२३ गते विश्व आदिवासी जनजाती दिवस कार्यक्रम संचालन भई मिति २०८२/०९/२२ गते भुक्तानीका लागी निवेदन पेश हुन आएको हुँदा चालु आ.व. २०८२/०८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेट पुस्तिकाको पाना नं.८९, क्र.सं. १९.३ मा आदिवासी जनजाती महासंघको सहकार्यमा विश्व आदिवासी दिवस २०८२ शिर्षकमा विनियोजन भएको रु.४,००,००० (चार लाख) को कार्यक्रम सम्पन्न गरी भुक्तानी माग गरेको हुँदा आवश्यक कागजात तथा विल भर्पाइका आधारमा भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. २९

मिति २०८२/०४/२३ र २४ को जेनजी आन्दोलनका क्रममा कार्यालयमा आगलागी भइ आर्थिक वर्ष २०८१/०८२ मा सम्पन्न भएका कार्यक्रमहरुको फायलहरु जली नष्ट भई क्षति भएको र हाल भुक्तानीको लागि पेश हुन आएको हुँदा सामाजिक विकास तर्फका कार्यक्रमहरुको भुक्तानी देहाय अनुसारका न्यूनतम् कागजातका आधारमा गर्ने निर्णय गरियो ।

क. प्यान/भ्याटबिलको प्रतिलिपी तथा अन्य भरपाईहरु

ख. कार्यक्रम संचालन भएको पुष्टी गर्ने हाजिरी तथा फोटो

ग. सम्बन्धीत संस्था र समूहको कार्यसमितिको वैठक बसी खर्च खुल्ने गरी भुक्तानी माग गरेको निर्णय

घ. कार्यक्रम संचालन भएको पुष्टी गर्ने सम्बन्धीत वडाको सर्जमिन मुचुल्का

निर्णय नं. ३०

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम(मेड्पा) अन्तर्गत तालिम प्राप्त गरी उद्यममा संलग्न रहेको समूह "श्री तीन टोलिया लघु उधमी समूह,इटहरी १२" लाई मेसिनरी औजार उपलब्ध गराईदिनुहुन भनि वडा नं १२ बाट सिफारिस भई आएको हुँदा उक्त मालसामान खरिद गरी उपलब्ध गराउने प्रयोजनका लागि  आ.व.२०८२/०८३ को वार्षिक नीति,कार्यक्रम तथा बजेट पुस्तिकाको पाना नं. ८५ , सि.नं. ८ मा "**प्रस्तावनामा आधारित महिला सशक्तीकरण कार्यक्रम (महिला समूह र एकल महिलालाइ प्राथमीकता)** शीर्षक विनियोजित रु.२०,००,००० (बीस लाख) मध्येबाट कार्यालयले तयार गरेको लागत अनुमान अनुसार देहाय बमोजिम रु.१,६३,०००( एक लाख त्रिसट्ठी हजार पांच सय मात्र) रकम विनियोजन गर्ने निर्णय गरियो ।

<u>**देहाय**</u>

| सि.नं. | कार्यक्रम | बजेट | कैफियत |
|---|---|---|---|
| १. | तीन टोलिया लघु उद्यमी समुहलाई प्रविधि हस्तान्तरण<br>( Industrial Single Needle electric machine- १ थान, Industrial overlock 4 need electric machine- १ थान, Industrial Flatlock 5-Bread electric machine - १ थान) | १,६३,५००/- | |

निर्णय नं. ३१

इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको मिति २०८२/०७/२४ गतेको १५२ औं बैठकको निर्णय नं. ६ अनुसार वडा नं. २० का वडा अध्यक्ष मणिराम श्रेष्ठको संयोजकत्वमा गठित विवाद निवारण समितिले आफ्नो कार्य गरिरहेको र प्रतिवेदन पेश गर्न अझ केही समय आवश्यक भएको भनि माग गरेको हुँदा उक्त समितिको समयावधि मिति २०८२ साल माघ मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ३२

नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गत यस उपमहानगरपालिकाबाट Upgradation of Jut Bikash Chowk (Mahaendra Highway ) – Taltalaiya Road and Baragachhi Chowk (Koshi Highway) -Mahendra School – Taltalaiya Road Itahari को बाटो निर्माण कार्यमा ठे.क. आशिस/आशिर्वाद जे.भी. ले हालसम्म प्रत्येक रनिङ बिलको भुक्तानीबाट कट्टी भएको Retention Money माग गरेको र सो आयोजनाको परामर्शदाता Plush Engineers and Architects (P.) Ltd Jv B.N. Consultancy Pvt. Ltd and Soid Test (P.) Ltd बाट कार्य प्रगति, प्राविधिक मूल्याकंन, गुणस्तर तथा ठेक्का शर्त अनुसार उपयुक्त रहेको भनि Ref. Number JTBT/NUGIP/ITAHARI/203 मिति 18th December 2025 को पत्रबाट योजना निर्माणाधिन रहेको भौतिक प्रगति ८०.४५% र वित्तिय प्रगति ७४.९८% भएको साथै सार्वजनिक खरिद नियमावली बमोजिम Retention Money फुकुवाको लागि NMB Bank Limited बाट 13 April 2027 सम्म मान्य अवधि भएको रू २,७७,००,०००/- को Retention Bank Guarantee समेत पेश गरेकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६७ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८७ (क) जुनसुकै कुरा लेखिएता पनि सोहि नियमावलीको नियम १२४ को २ (क) अनुसार ठे.क. आशिस/आशिर्वाद जे भी.लाई निजको Retention Money फिर्ता गर्ने निर्णय गरियो ।

निर्णय नं. ३३

कार्यालयमा बिभिन्न मितिमा आर्थिक सहयोगका लागि पेश गरेका निवेदकहरुलाई तपशिल अनुसारको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

| क्र.सं. | आर्थिक सहायता गराइने व्यक्ति वा संस्थाको नाम | ठेगाना | आर्थिक सहायताको विवरण | आर्थिक सहयोग रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | अनिता डोम | इटहरी-९ | उपचार सहयोग | १ लाख | |
| २ | बलराम पौडेल | इटहरी-९ | उपचार सहयोग | ५० हजार | |

| क्र.सं. | आर्थिक सहायता गराइने ब्यक्ति वा संस्थाको नाम | ठेगाना | आर्थिक सहायताको विवरण | आर्थिक सहयोग रकम | कैफियत |
|---|---|---|---|---|---|
| ३ | गोविन्द बहादुर अधिकारी | इटहरी-९ | उपचार सहयोग | ५० हजार | |
| ४ | आकाश चौधरी | इटहरी-२ | उपचार सहयोग | ५० हजार | |
| ५ | होमकला खनाल | इटहरी | उपचार सहयोग | ५० हजार | |
| ६ | उमा कटवाल | इटहरी | उपचार सहयोग | ५० हजार | |
| ७ | नजिरा खातुत | इटहरी-१७ | उपचार सहयोग | १ लाख | |
| ८ | बल बहादुर तामांग | इटहरी-३ | आगलागी सहयोग | ५० हजार | |
| ९ | सन्जु बिष्ट | इटहरी-५ | आगलागी सहयोग | ५० हजार | |
| १० | टेक नारायण चौधरी | इटहरी-७ | उपचार सहयोग | १ लाख | |
| ११ | डम्बर कुमारी कोइराला | इटहरी-५ | उपचार सहयोग | १ लाख | |
| १२ | सोमनी गुरुङ्ग | इटहरी-१ | उपचार सहयोग | ५० लाख | |

निर्णय नं. : ३४

इटहरी उपमहानगरपालिकाको क्षेत्रभित्र रहेका नदीजन्य पदार्थहरु वातावरणमैत्री प्रविधिबाट संकलन तथा उत्खनन गरी नगरभित्रको विकास निर्माण कार्यलाई थप गुणस्तरीय र सहजताका साथ उपलब्ध गर्ने उदेश्यले नदीजन्य पदार्थको प्रयोग एवं उपयोग गर्ने प्रयोजनका लागि "इटहरी उपमहानगरपालिकाको बालुवा प्रशोधन उधोग सञ्चालन कार्याविधि, २०८२" स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. : ३५

इटहरी उपमहानगरपालिका वडा नं. ५ मा रहेको जनता वस्तिमा २०४८ सालदेखि बसोबास गर्दै आएको बासिन्दाहरुको घरधुरी कर स्थानीय सरकारलाई बुझाउनुका निम्ति मिति २०८१/०९/१० गते स्थानीयस्तरमा सहमति गरेको अबस्थामा देहाय बमोजिमको दर रेटमा आगामी नगरसभाबाट अनुमोदन हुने गरी उक्त स्थानमा बसोबास गरेका घरधुरी कर संकलन गर्ने निर्णय गरियो ।

देहाय:

१. घरधुरी कर आ.व. २०७५/०७६ सालदेखि संकलन गर्ने ।

२. घरधुरी कर वापत पक्की घरको प्रति वर्ग फिट रु २/- (दुई) का दरले प्रति वर्ष संकलन गर्ने ।
३. साधारण कच्ची घरको प्रति वर्ष रु २००/- (दुई सय) मात्रका दरले संकलन गर्ने ।
४. ५ इन्च पक्की पर्खाल र जस्ताको छाना भएको प्रति वर्ष एकमुष्ठ रु ४००/- (चार सय) मात्रका दरले संकलन गर्ने ।
५. १० इन्च पक्की पर्खाल वा पिलर लगाई जस्ताको छाना भएको घरको प्रति वर्ष एकमुष्ठ रु ७००/- (सात सय) मात्रका दरले संकलन गर्ने ।

उल्लेखित कर चालु आ.व.भित्र किस्ता वा एक मुष्ठ बुझाउनेलाई जरिवाना छुट गर्ने र यस चालु आ.व. भित्र नबुझाएमा नियमानुसार जरिवाना समेत संचालन गर्ने ।

निर्णय नं. : ३६

इटहरी उपमहानगरपालिका वडा नं. ९ मा रहेको बसपार्कलाई व्यवस्थित ढंगले व्यवस्थापन तथा संचालन गर्नका निम्ति इटहरी बसपार्क व्यवस्थापन तथा संचालन कार्यविधि, २०८२ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. : ३७

मिति २०८२/०६/१३ मा बसेको १५० औं कार्यपालिकाको बैठकको निर्णय नं. ९ अनुसार गठन भएको प्रथम नागरिक थारु समुदायको संरक्षण, सम्बर्द्धन तथा विकास समिति खण्ड “झ” अनुसार देहाय बमोजिमका सदस्यहरु मनोनयन गर्ने निर्णय गरियो ।

देहाय

१. महेश चौधरी - इटहरी – १८
२. राम सागर चौधरी - इटहरी – ११
३. शुशिला चौधरी - इटहरी – १४
४. देव चरण चौधरी - इटहरी - ७

**निर्णय न. ३८**

राष्ट्रिय योजना आयोगबाट २०८२/०८/२८ को गोरखापत्र राष्ट्रिय दैनिक तथा राष्ट्रिय योजना आयोगको वेवसाइट (www.npc.gov.np) मा प्रकाशित सूचना अनुसार संघीय विशेष अनुदान सम्बन्धि (पहिलो संशोधन) कार्यविधि २०८२ मा व्यवस्था भए बमोजिम प्रदेश सरकार र स्थानीय तहबाट आर्थिक वर्ष २०८३/८४ मा संघीय विशेष अनुदान अन्तर्गत कार्यन्वयन हुने आयोजना वा कार्यक्रमहरुको प्रस्ताव माग भएकोमा यस उपमहानगरपालिका क्षेत्रभित्र रहेका सबै सामुदायिक विद्यालयहरुको शैक्षिक विकाशको लागि सेवाको गुणस्तर अभिवृद्धि प्रमुख क्षेत्र अन्तर्गत रहेको विद्यालयमा फर्निचर कम्प्युटर र डिजिटल बोर्ड सबै सामुदायिक विद्यालयहरुलाई उपलब्ध गराउने प्रस्ताव गरि राष्ट्रिय योजना आयोग सिंहदरबार, काठमाडौंमा पठाउने निर्णय गरियो ।

**निर्णय न. ३९**

राष्ट्रिय योजना आयोग संघीय विशेष अनुदान अन्तर्गत चालु आर्थिक वर्ष २०८२/०८३ का लागि स्वीकृत भएको आयोजना इटहरी -५ मा रहेको जनता बहुमुखी क्याम्पसमा छत्र तथा छात्रावास निर्माण गर्ने योजनाको कुल लागत अनुमान रु. ५,३९,३६,६४१.८९ (अक्षरेपी पांच करोड उन्चालिस लाख छत्तिस हजार छ सय एकचालीस रुपैया उनासी पैसा) मात्र (मूल्य अभिवृद्धि कर कन्टेन्जेन्सी समेत) को आयोजना संचालन गर्ने साथै उक्त आयोजना आगामी आर्थिक वर्ष २०८३/८४ मा समेत स्वीकृत गरि निरन्तरताका लागि राष्ट्रिय योजना आयोग सिंहदरबार काठमाडौंमा माग गर्ने निर्णय गरियो ।

**निर्णय न. ४०**

इटहरी उपमहानगरपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत नीति, कार्यक्रम तथा बजेटमा समावेश भएको इटहरी-२ नको पशुपति चोक देखि निरौलाको घर हुँदै इटहरी-४ को कचना महादेव माध्यमिक विद्यालय सम्मको बाटो कालोपत्रे मर्मत योजनामा छनोट भएको सडक बोर्ड नेपाल मिनभवन काठमाडौं बाट चालु आर्थिक वर्ष

२०८२/०८३ मा स्थानीय सडक मर्मत सम्भारको लागि शि.नं.३३७३१०११३ अन्तर्गत रु.५५,००,०००/- अक्षरेपी पचपन्न लाख मात्र बजेट स्वीकृत भएकोमा उक्त योजनाको लागत इस्टिमेट रु.९६,३२,२८०.९१ अक्षरेपी छयानब्बे लाख बत्तीस हजार दुइ सय असि रुपैया एकानब्बे पैसा मूल्य अभिवृद्धि कर, कन्टेनजेन्सी सहित हुन आएकाले सडक बोर्ड बाट स्वीकृत रकम बाहेक बाँकी हुन आउने रकम रु.४१,३२,२८०.९१ एकचालीस लाख बत्तीस हजार दुइ सय असि रुपैया एकानब्बे पैसा मात्र चालु आर्थिक वर्ष २०८२/०८३ को यस उपमहानगरपालिकाको स्वीकृत नीति, कार्यक्रम तथा बजेटको कालोपत्रे मर्मत योजनाहरु शीर्षकमा विनियोजित रकमबाट लागत साझेदारी गरि योजना संचालनको स्वीकृटिका लागि सडक बोर्ड नेपालमा अनुरोध गर्ने निर्णय गरियो ।